नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

मिति : २०७५/४/६

## प्रेस विज्ञप्ति

आज मिति २०७५ श्रावण ६ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा केन्द्रीय अनुगमन समितिको बैठक बसी सम्बन्धित निकायलाई देहाय बमोजिम गर्न गराउन लेखि पठाउने निर्णय भएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छः

१. बजारमा अतिआवश्यक उपभोग्य वस्तुहरूको आवश्यक मौज्दातको व्यवस्था मिलाउने तथा गुणस्तरयुक्त उपभोग्य वस्तुको सहज र सर्वसुलभ आपूर्तिको व्यवस्था मिलाउने,

२. महङ्गी, कालाबजारी आदिको नियन्त्रणको लागि सम्बन्धित मन्त्रालय/निकायहरुले प्रभावकारी व्यवस्था मिलाउने,

३. सडकका खाल्डाखुल्डीहरूको तत्काल मर्मत सुधार गर्ने र सार्वजनिक यातायातलाई भरपर्दो यात्रुमैत्री र सुरक्षित बनाउने,

४. फोहोर मैलाको तत्काल व्यवस्थापन गर्ने,

५. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन ध्यान दिने,

६. उल्लिखित कार्यहरुको सम्बन्धमा सम्बन्धित मन्त्रालयहरुले विशेष टोली समेत बनाई प्रभावकारी व्यवस्थापन गर्ने तथा निरन्तर अनुगमन गरी प्रत्येक १५ पन्ध्र दिनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन पठाउने व्यवस्था गर्ने,

७. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले आवश्यकता अनुसार स्थलगत अनुगमन गर्ने र अनुगमनको समेत अनुगमन गर्ने ।

(विनोद बहादुर कुँवर)
प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२११०७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np